बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☏ ९८५५०८८४६६
☏ ९८५५०७२०७२

प.सं. : २०७७/०७८
च.नं. :

मिति : २०७७/०५/१५

विषय : **अत्यावश्यक सेवा बाहेक अन्य सेवा बन्द गरिएको सम्वन्धमा**।

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण यस गाउँपालिकामा पनि बढ्ने जोखिम रहेकोले उक्त संक्रमण रोकथाम र नियन्त्रणको लागि मिति २०७७/०५/१५ बसेको विपद व्यवस्थापन समितिको निर्णय बमोजिम मिति २०७७/०५/१६ देखि २०७७/०५/२५ गतेसम्म यस गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट उपलब्ध हुने अत्यावश्यक बाहेकका अन्य सेवा बन्द रहने व्यहोरा जानकारी गराइन्छ। यसबाट सर्वसाधारण नागरिकहरुमा पर्न गएको असुविधा प्रति समेत क्षमाप्रार्थी छौँ।

.....................
राम प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री सम्पूर्ण वडा कार्यालयहरु, बागमती गाउँपालिका, मकवानपुर।

Email: bagmatimun.makwanpur@gmail.com, Website: www.bagmatimunmakawanpur.gov.np

**प्रस्तावहरु:-**

१. अत्यावश्यक काम बाहेकका सवारी साधन संचालनमा रोक लगाउने सम्वन्धमा।
२. अत्यावश्यक बाहेकका अन्य सेवाहरु पूर्णरुपमा बन्द गर्ने सम्वन्धमा।
३. बैंकिङ्ग सेवा संचालन सम्वन्धमा।
४. खाद्यान्न बोक्ने सवारी साधन संचालन सम्वन्धमा।
५. बजार व्यवस्थापन सम्वन्धमा।
६. PCR जाँच गर्ने सम्वन्धमा।
७. विकास आयोजना तथा निर्माण कार्य सम्वन्धमा।
८. सेवा बन्द गर्ने सम्वन्धमा।
९. विविध।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल मिति २०७७/५/२५ गतेसम्म गर्दा बैंकिङ्ग तथा स्वास्थ्य सम्वन्धि अत्यावश्यक कार्य बाहेकका निजी सवारी साधनहरु संचालनमा रोक लगाउने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बागमती गाउँपलिका तथा अन्तर्गतका वडा कार्यालयहरुबाट अत्यावश्यक बाहेकका अन्य सेवाहरु पूर्णरुपमा बन्द गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका बैंक तथा वित्तीय संस्थाबाट हुने सेवा प्रवाहलाई नियमित रुपमा बिहान १०:०० बजे देखि दिनको २:०० बजेसम्म सुचारु गर्ने निर्णय गरियो।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा खाद्यान्न बोक्ने सवारी साधनलाई साँझ ७:०० बजे दखि बिहान ९:०० बजेसम्म आवतजावत गर्न दिने निर्णय गरियो। साथै मदिरा जन्य लगायतका पेय पदार्थहरु ढुवानी गर्न पूर्णरुपमा रोक लगाउने निर्णय गरियो।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका खाद्यान्न पसल/व्यवसाय विहान ७:०० बजे देखि १०:०० बजे सम्म खुल्ला गर्ने निर्णय गरियो।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सम्भावित १५ जना व्यक्तिहरुको PCR जाँच गर्ने निर्णय गरियो।
७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा राष्ट्रिय आयोजना बाहेकका विकास निर्माण कार्यहरु संचालनमा रोक लगाउने निर्णय गरियो।
८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देहाय बमोजिमका सेवा र कार्यहरु अर्को सूचना नभएसम्मका लागि संचालन नगर्ने निर्णय गरियो।
   - शैक्षिक संस्थाहरु
   - सवै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार
   - सवै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन
   - शैलुन व्यूटीपार्लर
   - समूहमा खेल्ने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति
   - सवै प्रकारका धार्मिक तथा सामाजिक स्थल
९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा माथि उल्लेखित निर्णयहरु मिति २०७७ भदौ १६ गते देखि २५ गतेसम्म लागू रहने निर्णय गरियो साथै अर्को बैठक मिति २०७७ भदौ २५ गते दिनको २:०० बजे बस्ने निर्णय गरियो।

सकेश घलान
अध्यक्ष